रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फिदीगाउँ, इलाम
१ नं. प्रदेश, नेपाल

रोङ गाउँपालिका
२०७३

पत्र संख्या:- २०७५/०७६

मिति:- २०७६/०३/०५

**प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०५**

रोङ गाउँपालिकाको वडा न. १, २ र ६ मा हुने तपसिल अनुसारको सडक निर्माण कार्यहरु सिलबन्दी बोलपत्रबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुका अधीनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आहवान गरिन्छ।

१. बोलपत्र e-GP को माध्यमबाट मात्र खरिद गर्न सकिने भएकोले bid document हरु मिति २०७६/०४/०३ गते कार्यालय समयभित्रमा website: www.bolpatra.gov.np/egp बाट download गरी खरिद गर्न सकिनेछ। E-submission का लागि बोलपत्र खरिद दस्तुर बापत रु. ३,०००।- (तीनहजार) राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम खुलेको राजश्व दाखिला भौचर electronic bid files साथ पेश गर्नुपर्नेछ।

२. E-Bidding document खरिद गर्नका लागि रकम जम्मा गर्न वैंकको विवरण निम्नानुसार रहेको छ। फ्याक्स, ट्रान्सफर, ई-मेल आदि मार्फत गरिने खरिद उपर कारवाही गरिनेछैन।
वैंकको नाम :- मेगा वैक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम।
संचितकोष खाता नं. :- १०७००१००११५७८

३. बोलपत्रदाताको व्यवसाय दर्ता प्रमाण-पत्र, व्यवसाय इजाजत प्रमाण-पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.ब.२०७४/०७५ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. बोलपत्र फाराम मिति २०७६/०४/०५ गते दिनको १२:०० वजेभित्र e-submission गर्न सकिनेछ। यसरी submit गरिएका बोलपत्रहरु सोही दिनको १:०० वजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

५. बोलपत्र कागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्न र बुझाउन सकिने छ।

६. बोलपत्रसाथ मेगा वैक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम स्थित रोङ गाउँपालिकाको धरौटी खाता न. १०७००१००११५९२ मा फर्मका नामवाट तपसीलमा उल्लेखित वोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ। सो जमानी पत्र/ भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र वोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ।

७. एउटा फर्मको नामवाट खरिद गरिएको बोलपत्र कागजात अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन।

८. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु बोलपत्रदाताले नै बुझाउनु पर्नेछ।

९. अन्य विस्तृत विवरण Bid Document को Bid Data Sheet मा उल्लेख गरिएको छ। सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी सम्बन्धित बोलपत्रदाताको हुनेछ।

१०. सूचना तथा वोलपत्र कागजातका शर्त विपरित भएको, कुनै थपघट गरिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११. वोलपत्रको परीक्षण वोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न अतिरिक्त खर्च लाग्ने भए सो बापतको सम्पूर्ण खर्च वोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

टंक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

१२. वोलपत्रदाताहरुले आफनो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेश गर्न सकिनेछ।

१३. वोलपत्रको e -submission सम्बन्धी अन्य जानकारीहरु Bid Documents मा राखिएको छ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको website बाट समेत हेर्न सकिनेछ।

१४. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ ( संसोधन सहित), प्रचलित ऐन नियम तथा गाउँपालिकाको निर्णयानुसार हुनेछ।

१५. वोलपत्र शर्तरहित, मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराम वा सार्वजनिक खरिद अनुगमन कार्यालयको website बाट download गरिएका कागजातमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ।

१६. सिलबन्दी बोलपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्नेछैन। कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकृत गर्न वा अस्वीकृत गर्न वा सूचना नै रद्ध गर्न सक्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१७. थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको नं. ९८५११४८५४७/ ९८५२६८१९४४/९८४२७५६४३६/९८४२६२७२४३ मा सम्पर्क गर्न वा कार्यालयको वेवसाईट www.rongmun.gov.np हेर्न सकिनेछ।

**सिलवन्दी बोलपत्रको माध्यमद्धारा गरिने सम्वन्धी कार्यको विवरण**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम रु. (भ्याट र कन्टिन्जेन्सी बाहेक) | वोलपत्र जमानत दस्तुर रु. | बोलपत्र फाराम खरिद दस्तुर रु. | बोलपत्र खरिद गर्न सकिने अवधि |
|---|---|---|---|---|---|
| **RRM/e-GP/NCB/ Work/2075-076-26** | **Construction of Tinghare- Shantipur- Barfalyang- Jhapa Sadak** | **22,41,527.26** | **75,000.00** | **3000.00** | **2076/04/03** |
| **RRM/e-GP/NCB/ Work/2075-076-27** | **Construction of Sima Sadak Rong Section *(Ninda Siddhi)*** | **30,17,944.71** | **1,00,000.00** | **3000.00** | **2076/04/03** |

२०७६।३।५

डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत